प्रतिदिन १७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगईन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : ८० ॥ २०८२ वैशाख १५ गते सोमबार (28th Apr 2025 Monday) **Pratidin** National Daily मूल्य-रु.५/-

# शिक्षक र प्रहरीबीचको झडपमा पत्रकारसहित २६ जना घाइते



झापा(प्रस) । काठमाडौँको नयाँ बानेश्वरस्थित सडकमा आन्दोलन गरिरहेका शिक्षकले निषेधित क्षेत्र तोड्न खोजेपछि भएको झडपमा शिक्षक, पत्रकार र प्रहरीसहित २६ जना घाइते भएका छन् ।

चैत २० देखि आन्दोलन गरिरहेका शिक्षकले आइतवार निषेधित क्षेत्र तोड्न खोजेपछि रोक्न खोज्दा उक्त झडप भएको हो ।

सो क्रममा ५ प्रहरी, एक पत्रकार र २० शिक्षक घाइते भएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता प्रहरी उपरीक्षक अपीलराज बोहराले जानकारी दिए। घाइतेहरूको काठमाडौंका विभिन्न अस्पतालमा उपचार भइरहेको छ ।शिक्षकले निषेधित क्षेत्र तोड्न खोज्दा प्रहरीले पानीको फोहोरसमेत हानेको थियो ।

यसैबीच कांग्रेस नेता तथा सांसद शेखर कोइरालाले आन्दोलनरत शिक्षकमाथि बल प्रयोग हुनु सरकारको कुशासनको अर्को उदाहरण भएको बताएका छन् । उनले विद्यालय शिक्षा ऐन जारी गर्न माग राख्दै आन्दोलनरत शिक्षकलाई सडकमै प्रहरी बल प्रयोग गर्नु र पालिका लगाएर धम्क्याउनु सरकारको कुशासनको अर्को उदाहरण रहेको जनाएका छन् ।

कोइरालाले सामाजिक सञ्जालमा लेखेका छन्, ' शिक्षा ऐन ल्याउनुपर्नेमागसहित शिक्षाकहरु सडक आन्दोलनमा उत्रेको झण्डै एक महिना भयो । पठनपाठन र सरकारी भर्ना अभियान ठप्प छ, कक्षा १२ को परीक्षा समेत सरेको छ । यस्तो अवस्थामा शिक्षकहरुसँग वार्ता गरी समस्या समाधान गर्नुपर्नेमा सडकमै उनीहरुमाथि प्रहरी बल प्रयोग गर्नु र पालिका लगाएर शिक्षकहरुलाई धम्क्याउनु सरकारको कुशासनको अर्को उदाहरण हो ।'

उनले १/२ दिनमै शिक्षक आन्दोलनलाई समाधान गरेर पठनपाठनको वातारण बनाउन पनि सरकारलाई आग्रह गरेका छन् । 'अब धेरै ढिला भयो । एक दुई दिन मै समस्या समाधान गरी पठन-पाठन सुचारु गर्न सरकारको ध्यानाकर्षण गराउँछु,' उनले लेखेका छन् ।

आन्दोलनरत शिक्षक र प्रहरीबीच बानेश्वर क्षेत्रमा झडप भएको थियो २५ दिनदेखि शिक्षक आन्दोलन जारी हुँदा कतिपय स्थानीय तहले शिक्षकलाई विद्यालय फर्कन वा अयन्त्र सरुवा भएर जान सर्कुलर गरेका छन् । पालिकाको सर्कुलरलाई शिक्षक महासंघले धम्कीपूर्ण आदेश भन्दै अस्वीकार गर्न अपिल गर्दै आएको छ ।

# आफ्नै बाबुको खुकुरी प्रहारबाट घाइते बालिकाको मृत्यु

झापा(प्रस) । ९ दिनअघि आफ्नै बाबुको खुकुरी प्रहारबाट घाइते भएकी पाँच वर्षीया नाबालिकाको उपचारका क्रममा मृत्यु भएको छ ।

गत बैशाख ४ गते बिहान अन्दाजी ६.३० बजे सोलुखुम्बु थुलुङ दुधकोशी गाउँपालिका -९ गोपे बस्ने ३२ वर्षीया चामकुमार तामाङले आफ्नै छोरी ५ वर्षीया पवित्रा तामाङलाई खुकुरी प्रहार गरेका थिए ।

गम्भीर घाइते बालिकाको शनिवार राति ९.५ बजे उपचारको क्रममा टिचिङ अस्पताल काठमाण्डौमा मृत्यु भएको प्रहरीले जनाएको छ । बालिकाको शव सोही अस्पतालमा रहेको छ ।

खुकुरी प्रहारपछि फरार रहेका चामकुमार घटना भएकै दिन दिउँसो ३.३० बजे सोलुखुम्बु थुलुङ दुधकोशी -९ लिखेप मझुवा खोलाको बगरमा बसिरहेको अवस्थामा पक्राउ गरिएको थियो ।

चामकुमारले आफैले आफ्नो दाहिने कानको मुनि , पेट र छातीको बिच भागमा हतियार प्रहार गरेका थिए । उनलाई जिल्ला अस्पताल फाप्लुमा भर्ना गरी प्रहरीको निगरानीमा उपचार गरिएकोमा थप उपचारको लागि उनको भिनाजु कुमार तामाङलाई जिम्मा लगाई बिर अस्पताल काठमाण्डौ पठाएको प्रहरीले जनाएको छ ।

त्यस्तै संखुवासभाको खाँदबारी नगरपालिका-९ तुम्लिङटारमा ७२ वर्षीय मीनबहादुर कुमाल शंकास्पद मृत्यु घटनामा प्रहरीले कुकुर परिचालन गरेर अनुसन्धान सुरु गरेको छ । धरानबाट तालिमप्राप्त कुकुर ल्याएर आइतबार दिउँसोबाट अनुसन्धान सुरु गरिएको डीएसपी दक्षकुमार बस्नेतले बताए । घरमा सुतिरहेको अवस्थामा आइतबार मध्यरात दुई नचिनेको मान्छेले कुमालको घाँटी थिचेर हत्या गरेको उनकी श्रीमतीको भनाइ छ । घरभित्र छिरेर ती व्यक्तिले लछारपछार गरेपछि श्रीमतीले छिमेकीलाई बोलाएर फर्किंदा उनको मृत्यु भइसकेको थियो ।

मृत्यु शंकास्पद भएकाले सबै नाकामा नयाँ अनुहारका र शंकास्पद व्यक्तिको खानतलासी, सोधपुछ भइरहेको डीएसपी बस्नेतले बताए । मृतक सामान्य परिवारका हुन् । घरमा श्रीमती र उनी मात्रै बस्दै आएका थिए ।

# अपांगता भएका झापाका २४ जनाले पाए ह्वीलचियर



झापा(प्रस) । ह्वीलचियर बिग्रेका कारण झापा हल्दिवारीका १७ वर्षीय अमित महत्तोलाई विद्यालय जान समस्या भइरहेको थियो । जन्मजात अपांगता भएका महत्तो घरबाट करिव एक किलोमिटर ह्वीलचियरको सहयोगबाटै विद्यालय जाने गरेका छन् । रोटरी क्लब अफ डिल्लीबजार काठमाडौंको सहयोगमा रोटरी क्लब अफ बिर्तामोडले निःशुल्क ह्वीलचियर बितरण गरेपछि अमित हर्षित देखिए । रोटरी क्लब अफ डिल्लीबजार काठमाडौं र रोटरी क्लब अफ बिर्तामोडबीच भगिनी सम्बन्ध रहेको छ । अमित घरबाट आफै ह्वीलचियर लिन हल्दिवारी गाउँपालिका कार्यालयसम्म आफै आइपुगे । ह्वीलचियर पाएपछि खुशी हुँदै अमितले भने ,' ह्वीलचियर बिग्रेपछि समस्या थियो अब रहेन ।' भविष्यमा आइटी पढेर कम्प्युटरसम्बन्धी काम गर्ने उनले सोच बनाएका छन् । अमितजस्तै समस्या भएका हल्दिवारी गाउँपालिकाका ६ जनाले निःशुल्क ह्वीलचियर पाएका छन् । ह्वीलचियर पाउने अन्यमा नेत्रबहादुर राउत , विजय मुर्मू , रोमन नेम्बाङ र धुमबहादुर फुयाँल र राजु तामाङ रहेका छन् । आफ्ना छोराले ह्वीलचियर पाएपछि अमितकी आमा समरी महत्तोले पनि खुशी व्यक्त गरिन् । अमित उनका एकमात्र छोरा हुन् । संगै पढ्ने अमितकी बहिनीले ह्वीलचियरमा विद्यालय ल्याउन पुर्याउन सहयोग गर्ने गरेको आमा समरीले बताइन् । आफ्ना पालिकाका ६ जनाले ह्वीलचियर पाएपछि हल्दिवारी गाउँपालिकाका अध्यक्ष रविन्द्रप्रसाद लिङ्देनले आयोजक संस्थालाई धन्यवाद दिए । उनले राज्य एक्लैले सबै काम गर्न नसक्ने भन्दै रोटरी क्लबसंगको साझेदारीलाई निरन्तरता दिने प्रतिवद्धता जनाए। त्यस्तै प्रमुख प्रशासकीय अधिकृत मानबहादुर बन( महेन्द्र) ले रोटरी क्लबले गरेको सहयोगको उच्च मूल्यांकन गर्दै आगामी दिनमा सहकार्य रहने जनाए । हल्दिवारीमा अपांगता भएका व्यक्तिहरुको संख्या ४३५ रहेको छ । कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै रोटरी क्लब अफ डिल्लीबजारका भाइस प्रेसिडेन्ट युवराज रोक्काले यस वर्ष आफूहरुको संस्थाले ३३० थान ह्वीलचियर वितरण गरेको जानकारी दिए । त्यसमध्ये २४ वटा झापामा वितरण गरिएको छ । हल्दिवारी गाउँपालिकामा ६ , झापा गाउँपालिकामा १३ र कन्काई नगरपालिकामा ५ वटा ह्वीलचियर बितरण गरिएको उनले बताए । अर्को वर्ष एक हजारवटा ह्वीलचियर बितरण गर्ने योजना रहेको उनले सुनाए । भाइस प्रेसिडेन्ट पार्वता खरेल विमलीले संयोजन गरेको सो कार्यक्रममा रोटरी क्लब अफ बिर्तामोडका अध्यक्ष सुरेशकुमार अग्रवाल भद्रपुरे , सर्भिस प्रोजेक्ट डाइरेक्टर सुरेश बंशल , रोटरी क्लब अफ डिल्लीबजारका अध्यक्ष प्रेम ओली , रोटरी क्लब अफ बिर्तामोडका पूर्व अध्यक्षहरु , हल्दिवारी १ का वडाध्यक्ष देवीबहादुर थापा , २ का वडाध्यक्ष शुकलाल राजवंशीलगायतको उपस्थिति रहेको थियो । त्यस्तै झापा गाउँपालिकाका १३ जनाले ह्वीलचियर पाएका छन् । टीका मर्डी , फिरोज मिया , आसिन कोच , पार्वती गणेश , मोहम्मद सैफुल शेख , विद्यासिंह बस्नेत , आम्बरा खातुन , अप्सना खातुन , तस्लिम मुद्धिन , अभय गणेश , कविरजंग राजवंशी , खुशेदा खातुन र सोमलाल हस्दाले ह्वीलचियर पाएका हुन् । झापा गाउँपालिकाका कार्यवाहक अध्यक्ष अन्जुदेवी थपलियाको अध्यक्षतामा भएको कार्यक्रममा रोटरी क्लब अफ बिर्तामोडका अध्यक्ष सुरेशकुमार अग्रवाल भद्रपुरे , सर्भिस प्रोजेक्ट डाइरेक्टर सुरेश बंशल , उपाध्यक्ष पार्वता खरेल बिमली , रोटरी क्लब अफ डिल्लीबजारका अध्यक्ष प्रेम ओली, उपाध्यक्ष युवराज रोक्कालगायतको उपस्थिति रहेको थियो ।

सो कार्यक्रमको संयोजन शैलेन्द्र कुरुम्वाङले गरेका थिए । त्यस्तै रोटरी क्लब अफ डिल्लीबजारको सहयोगमा रोटरी क्लब अफ सुरुङ्गाले पाँचजनालाई ह्वीलचियर बितरण गरेको छ । विनिता दर्जी परियार , देवेन्द्र बस्नेत, रोशन दाहाल , सनिल न्यौपाने र सिलादेवी भट्टराईलाई ह्वीलचियर बितरण गरिएको हो । यसैबीच रोटरी क्लब अफ डिल्लीबजार र रोटरी क्लब अफ बिर्तामोडद्वारा झापा गाउँपालिकाको त्रिभुवन आधारभूत विद्यालयमा बालमैत्री कक्षाका लागि सहयोग गरिएको छ । त्यस विद्यालयमा कार्पेट , भित्ते चित्र , फाइवरको पाँचवटा राउन्ड टेबल सहयोग गरिएको रोटरी क्लब अफ बिर्तामोडका अध्यक्ष सुरेशकुमार अग्रवाल भद्रपुरेले जानकारी दिएका छन् ।

हार्दिक बधाई तथा शुभकामना



यस बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाका पूर्व अध्यक्ष आदरणीय **श्री जलकुमार गुरुङ** मेची आँखा अस्पताल संघको २०८२ बैशाख ११ गते सम्पन्न बोर्ड बैठकबाट तीन वर्षे कार्यकालका लागि दोस्रो पटक अध्यक्षमा निर्वाचित हुनुभएकोमा नवनिर्वाचित कार्यसमितिलाई हार्दिक बधाई ज्ञापन गर्दछौं।

कुशल नेतृत्वको क्षमता राख्नुहुने तपाईको समर्पणले मेची आँखा अस्पताललाई आँखाको उपचार सेवाका लागि अझ विश्वभरि नै चिनाउन सकोस् भन्ने विश्वासका साथ सफल कार्यकालको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

पारसमणि मैनाली
सचिव

मेघराज बास्तोला
अध्यक्ष

एवं बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता परिवार
बिर्तामोड-५ , झापा

डा. प्रेम ब. शाही, MS, FISS
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरूदण्ड रोग /सर्जन
समयः सोमबार देखि विहिबारसम्म, २ बजे देखि

डा. दिपायन पाण्डे, MD
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समयः प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

डा. आलोक झा, MD
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समयः प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

डा. केशव कु. मण्डल, MD
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समयः दैनिक सेवा, विहान १० बजे देखि

डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समयः दैनिक सेवा

डा. विकाश जैशी, MD, DM
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

डा. अच्युत भक्त आचार्य, MD, DM
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

डा. विवेक कट्टेल, MD, FRCI
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समयः प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

डा. निशान भुर्तेल, MD, DM
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
जिवनरक्षा बिर्तामोड
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समयः विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

डा. धर्मागत भट्टराई, MD, DM
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समयः प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

डा. उत्कर्ष कार्की, MD, DM
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौंबाट

डा. सन्तोष मिश्र, MD, DM
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टाउको रोग /बाल न्यूरोलोजिष्ट
समयः प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

डा. दिलिप न्यौपाने, MD, DM
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समयः प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

प्रा. डा. गौरवराज ढकाल, MS, FISS
वरिष्ठ विशेषज्ञ - मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

डा. पुरूषोत्तम पराजुली, MS, MCh
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समयः प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

डा. अपार पोखरेल, MS, FIPE
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयस्क ENT सर्जन
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

डा. हरिशंकर प्र. यादव, MD, FIEM
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

## तन्त्रमन्त्रले परिवारको रक्षा गर्न खोज्दा आफ्नै ज्यान जोगाउन सकेनन्



झापा(प्रस) । वर्षभरि कसैको पनि कुदृष्टि आफ्नो परिवारमाथि नलागोस् भनेर आदिवासी राजवंशीहरुले नयाँ वर्षमा तन्त्रमन्त्रले आफ्नो घरआँगनलाई चारैतिरबाट छेक्ने गर्छन् । जसलाई 'चातर' भनिन्छ । कुलगुरु(गसाई) वा धामी बोलाएर राजवंशीहरुले नयाँ वर्षमा चातर बाँध्ने गर्दछन् । जुन तन्त्रमन्त्र साँझ परेपछि गर्नुपर्ने हुन्छ । कुलगुरुले विभिन्न सामानसहित फुकिदिएको माटोको भाँडो (हान्डी) घरबाहिर चार दिशाको चार ठाउँमा गाड्नु पर्ने नियम छ ।

आफू र आफ्नो परिवारलाई सुरक्षित राख्न गसाईले फुकिदिएको माटोको भाँडो गाड्न जाँदा झापा बिर्तामोड ७ भुसावारीका ४८ वर्षीय सजनलाल राजबंशीले ज्यान गुमाउनुपर्यो । सर्पले डसेर शनिवार साँझ उनको ज्यान गएको हो । तन्त्रमन्त्रको माटोको भाँडो गाड्ने क्रममा साँझ ७.३० बजे सजनलाललाई सेतो गोमनले डसेको उनका भतिजा रामलाल राजवंशीले बताए । उपचारका लागि ढिलो हुँदा बचाउन नसकिएको रामलालको भनाई छ ।

चारआलीस्थित सर्पदंश केन्द्रमा लगी सामान्य उपचारपश्चात् थप उपचारको लागि बिर्तामोडस्थित बीएण्डसी अस्पतालमा ल्याउनासाथ डाक्टरले चेकजाँच गर्दा राति ९;४५ बजे सजनलालको मृत्यु भइसकेको बिर्तामोड ७ का वडाध्यक्ष अविरल कृष्ण खरेलले बताए ।

# वीरता जेसीजद्वारा डीएसपी विष्टलाई बिदाई

बिर्तामोड(प्रस) । वीरता जेसीजले इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टलाई सम्मानसहित बिदाई गरेको छ। वीरता जेसीजका अध्यक्ष युवराज कुँवरको अध्यक्षतामा भएको कार्यक्रममा संयुक्त सचिव सुवास त्रिखत्रीले आस्था वाचन गरेका थिए। कार्यक्रममा इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टलाई कानूनी सल्लाहकार अमरजीत साहले वाचन गरेको सम्मानपत्र र दोसल्ला ओढाएर सम्मान गरिएको थियो।



कार्यक्रममा वीरता जेसीजका पूर्व अध्यक्ष तथा पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीले बिर्तामोडवासीलाई सुरक्षाको प्रत्याभूति दिलाउन इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्ट सफल भएको बताए।कार्यक्रममा विदाई भएर जान लागेका डीएसपी विष्टले बिर्तामोडमा रहँदा आफूले बिर्तामोडबासीको साथ र सहयोगले सुरक्षा व्यवस्था मजबुत बनाउन सफल भएको बताए। आफू जहाँ रहेपनि बिर्तामोडबासीको मायालाई कहिल्यै नविर्सने उनको भनाई छ ।

कार्यक्रममा वीरता जेसीजका पूर्व अध्यक्ष तथा पूर्व राष्ट्रिय उपाध्यक्ष घनश्याम चौधरी, सिनेटर जीवनकुमार खड्कालगायतले विदाई भएर जान लागेका डीएसपी विष्टलाई शुभकामना दिएका थिए। वीरता जेसीजका विपद् जनचेतना संयोजक मनिष न्यौपानेको संयोजकत्वमा भएको कार्यक्रमको सञ्चालन वीरता जेसीजका महासचिव विज्ञानराज पौडेलले गरेका थिए।

# दमकको नालामा बेवारिसे शव फेला

झापा(प्रस) । झापा दमकको नालामा बेवारिसे शव फेला परेको छ । आइतवार बिहान अन्दाजी ६ बजे दमक नगरपालिका वडा न. ४ कृष्ण मन्दिरस्थित कृष्ण माध्यमिक विद्यालयको पर्खालको पूर्वपट्टि नालामा घोप्टो



परेको अवस्थामा बेवारिसे शव फेला परेको हो । तत्काल नाम थर वतन नखुलेको ,सेतो सर्ट, खरानी रंगको पाइन्ट लगाएको पुरुषलाई मृत अवस्थामा स्थानीयले देखेपछि प्रहरीलाई खबर गरेका थिए । अन्दाजी ४५ वर्षको मंगोलियन अनुहार, रातो वर्ण भएको र साथबाट किपेड मोबाइल फेला परेको मृतकको सनाखतको लागि थप अनुसन्धान भइरहेको छ ।सम्पूर्ण कानुनी प्रकृया पुरा गरी शव पोष्टमार्टमको लागि दमक अस्पताल पठाएको प्रहरीले जनाएको छ ।

## अटोको ठक्करबाट स्कुले बालिका गंभीर घाइते




झापा(प्रस) । इलामको माई नगरपालिकामा अटोको ठक्करबाट स्कुले बालिका गंभीर घाइते भएकी छन् । आइतवार बिहान १० बजेतिर माई नगरपालिका ७ स्थित लक्ष्मीबाँधमा पैदल विद्यालय जाँदै गरेकी लक्ष्मीखोला बस्ने टिका मगरकी छोरी ७ वर्षीया टेनिशा मगरलाई बिहीवारेदेखि शुक्रबारे बजारतर्फ जाँदै गरेको मे १ ह ६०१८ नम्बरको अटोले ठक्कर दिएको थियो । घाइतेलाई माई अस्पताल शितलीमा सामान्य उपचारपश्चात् थप उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएको छ । अटो प्रहरी चौकी महमाईको नियन्त्रणमा रहेको र अटो चालक माई ६ बस्ने ३० वर्षीय बमबहादुर पाण्डेलाई उपचार गराउन पठाइएको प्रहरीले जनाएको छ ।

# राहत कोषका लागि खड्काले दिए ५१ हजार



झापा(प्रस) । व्यवसायिक सदस्य राहत कोषका लागि बिर्तामोड उद्योग वाणिज्य संघका उपाध्यक्ष जीवन खड्काले ५१ हजार एक सय ५१ रुपैयाँ सहयोग गरेका छन् ।

आपत विपतमा परेका व्यवसायीलाई सहयोग पुऱ्याउने उद्देश्यले बिर्तामोड उद्योग वाणिज्य संघले स्थापना गरेको कोषका लागि उद्योग उपाध्यक्ष समेत रहेका खड्काले आफ्नो जन्मदिनको अवसर पारेर उक्त सहयोग गरेका हुन् ।

बिर्तामोड उद्योग वाणिज्य संघले एक करोड रुपैयाँ बराबरको व्यवसायिक सदस्य राहत कोष स्थापना गरेको छ ।

ख ड ् क ा ल े संघका अध्यक्ष राजु न्यौपानेलाई चेक हस्तान्तरण गरेका छन् । श्रीमती स्वेता बस्नेत खड्कासहित संघको कार्यालय आएका उनले कोषका लागि रकम प्रदान गर्दै आफ्नै कार्यकालमा शुरु गरेको कोषमा एक करोड रुपैयाँ पुऱ्याउने लक्ष्य लिएपनि अबको दश वर्षका एक करोड रुपैयाँ खासै ठूलो रकम नहुने हुँदा कोषलाई बढाएर लानु पर्ने आवश्यकता आफूलाई खड्किएको बताए । उनले कोष वृद्धिका लागि आम व्यवसायीको सहयोग रहेको धारणा राखे ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ झापा शाखाका पूर्व अध्यक्ष गणेश पोखरेलले व्यवसायीको पक्षमा बिर्तामोड उद्योग वाणिज्य संघले काम गर्दै आएको र राहत कोष स्थापना गरेर सह्रानीय काम गरेको धारणा राखे । उनले पनि कोषलाई बढाएर १० करोड रुपैयाँ बनाउन सुझाव दिए । बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा कोष वृद्धिका लागि सहयोग पुऱ्याउने खड्कालाई कदरपत्रद्वारा सम्मान गरिएको छ । सो अवसरमा उनको सुस्वास्थ्य र दीर्घ जीवनको कामना गरियो । कार्यक्रमको संचालन संघका महासचिव कुशल खतिवडाले गरेका थिए ।


## बिमालेख हरायो

मेचीनगर निवासी माया शंकरको नाममा रहेको लाईफ इन्स्योरेन्स कर्पोरेसन लि. को २०००१९०६७ नम्बरको पोलिसी पेपर मेचीनगरबाट चन्द्रगढी जाने क्रममा २०८१/१२/०३ गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।

**सम्पर्क : माया शंकर**
**ठेगाना: मेचीनगर -१२, झापा**


## ताप्लेजुङमा हावाहुरीबाट ठूलो क्षति



झापा(प्रस) । ताप्लेजुङमा हावाहुरीबाट ठूलो क्षति भएको छ । आइतवार दिउँसो २ बजेदेखि लगातार चलेको हावाहुरीका कारण फुङलिङ नगरपालिका -१०, मयाम बस्ने मानबहादुर लिम्बूको घर, धनबहादुर लिम्बूको भान्सा र सुरबहादुर खत्रीको कटेरोको छाना उडाई क्षति पुर्याएको छ । त्यस्तै ताप्लेजुङ जिल्लामा बिद्युत आपूर्तिमा समस्या भएको छ भने संचारमाध्यमहरु प्रभावित बनेका छन् । हावाहुरीबाट भएको क्षतिको पूर्ण विवरण आउन बाँकी रहेको प्रहरीले जनाएको छ ।


## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश ,इलाम जिल्ला,देउमाई नगरपालिका वार्ड नं.-४ मा बस्ने श्री हरिदत्त खनालका नाति,श्री पुण्य प्रसाद खनालका छोरा,श्री कमल प्रसाद खनालको मिति वि.सं.२०८१/११/२४गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय मंगलबारेमा रहेको चल्ती/वचत/मुद्दती खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतककी श्रीमती हलका दवाडीले मिति वि.सं.२०८२/०१/११मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np


## सप्तरीमा बस दुर्घटनाः तीन जनाको मृत्यु



झापा(प्रस) । पूर्व-पश्चिम राजमार्गअन्तर्गत सप्तरीको कञ्चनरूप नगरपालिका-१० बदगामामा आइतबार दिउँसो भएको यात्रुवाहक बस दुर्घटनामा तीनजनाको मृत्यु भएको छ । गाईघाटबाट विराटनगरतर्फ आउँदै गरेको प्र१-०१-००१ ख ३४२० नं. को डल्फिन यात्रुवाहक बस अनियन्त्रित भई दुर्घटना हुँदा दुई पुरुष र एक महिलाको मृत्यु भएको हो । मृत्यु भएका एक पुरुष र एक महिलाको सनाखत भएको छैन । दुवैको शव गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा राखिएको छ ।

त्यस्तै दुर्घटनामा गम्भीर घाइते भई उपचारका लागि गोल्डेन अस्पताल विराटनगर पुऱ्याइएका सप्तकोशी नगरपालिका- १ का ७५ वर्षीय रत्नबहादुर मगरातीको उपचारका क्रममा मृत्यु भएको सप्तरीका एसपी ढकेन्द्र खतिवडाले बताए । दुर्घटनामा दुई दर्जन यात्रु घाइते भएका छन् । उनीहरुलाई उपचारका लागि विभिन्न अस्पतालमा पठाइएको छ । बसका चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।


## नेपाल औषधी व्यवसायी संघ
### झापा जिल्ला शाखा कार्यालय
## प्रेस विज्ञप्ति
मिति: २०८२ बैशाख १४ गते

आधुनिक औषधिको समुचित प्रयोगको सम्वाहकदेखि औषधि ऐनको तर्जुमा तयार गर्नुपूर्व नै स्थापित नेपाल औषधि व्यवसायी संघ (एनसिडिए) स्थापनाको ५२ औँ खुड्किलो उक्लिन लागेको इतिहास जगजाहेर छ भन्दा अत्युक्ति नहोला । औषधि व्यवसायका थोक, खुद्रा, आयात र उत्पादनका समस्याहरु हाम्रा अग्रजहरुले यही संस्थामा रहेर निरुपण गरेको हामीलाई थाहा भएकै कुरा हो । अहिलेको आर्थिक मन्दी र व्यावसायिक तरलता साथै विभिन्न संकटहरुले गर्दा औषधिको व्यवसाय नै संकटोन्मुख अवस्था छ । यस्तो अवस्थामा संघ एक ढिक्का भएर खुद्राका समस्याहरु थोकले, थोकका समस्याहरु आयात तथा उत्पादकले निरुपण गरे मात्र संघको एकता र मजबुती दर्शाउँदछ । संघले जारी गरेको क्षतिपूर्ति नियमावली अक्षरशः पालना गर्न गराउन केन्द्रले परिपत्र गरेको सर्वविदितै छ । त्यस्तै, झापा, मोरङ र सुनसरीद्वारा पारित पिडिसी चेक जारी नगर्ने र एनओसी पूर्णरुपमा कार्यान्वयन गर्ने साथै, निर्यात तथा उत्पादकहरुले प्रत्येक थोक व्यवसायलाई आधिकारिक प्रमाणपत्र तत्कालै जारी गर्न अपिल गर्दछौं । साथै, अहिले संशोधन हुन लागेको औषधि ऐनको विषयमा पनि प्रदेश समिति र केन्द्रीय समितिलाई चनाखो रुपमा व्यावसायिक हितमैत्री बनाउन अनुरोध गर्दछौं । किनकि, स्वास्थ्य बीमाको सहज पहुँच त भएको देखिन्छ तर छ दशकदेखि औषधि व्यवसाय गरेका औषधि व्यवसायीहरुमा त्यो सेवा प्रवाह गर्ने पहुँच केन्द्र र प्रदेशले पहल नगरेको हो कि भन्ने हामीलाई आभास भएको छ । जसरी अहिले हाम्रा अस्पताल फार्मेसीबाहेकका व्यवसायीहरुले स्वास्थ्य बीमाका औषधिहरु बिक्री वितरण गर्न नपाएको अवस्था छ, त्यसरी नै रिजर्भ एन्टिबायोटिक सेवा पनि अस्पताल फार्मेसी भन्दा बाहिर बञ्चित गर्ने उद्देश्यले अभिप्रेरित त छैन भन्ने कुरामा हामीलाई शंका छ त्यसैले यी छ प्रकारका Reserve Antibiotics हरुलाई अस्पताल फार्मेसीमा मात्र विक्री वितरण गर्नु भन्ने निर्णय आम व्यवसायीको व्यावसायिक हित प्रतिकुल रहेकोले व्यवसायी नै पलायनको विकराल समस्या टड्कारो रुपमा देखिएकोले तत्काल खारेजीको माग गर्दछौं । त्यस्तै , सरकारको एउटा निकायले खाद्यपूरक सामग्रीको रुपमा आयात गर्ने, आयातित वस्तुहरु अस्पताल तथा हेल्थपोस्टका चिकित्सकहरुले बिरामीलाई लेख्ने र उक्त वस्तुहरु फार्मेसीमा राखेर बिक्री वितरण गर्दा सरकारको अर्को निकायले जफत गर्ने सरकारको यस द्वैध चरित्रलाई एकरुप बनाउन केन्द्र र प्रदेशलाई अनुरोध गर्दछौं । साथै, संघमा आधिकारिक दर्ता नभएका व्यवसायीले संघको लोगो प्रयोग गरेकामा सो नगर्न र सो लोगो प्रयोग गरेका तर संघमा दर्ता वा पुनःनवीकरण नभएका व्यवसायीहरुको अनुगमनलाई लिएर संघलाई विभिन्न लाञ्छनामा नमुछ्न जोडदार माग गर्दछौं । त्यस्तै, अस्पताल फार्मेसीमा नेपाली तथा विदेशी कम्पनीहरुले प्रत्यक्ष आपूर्ति गरिरहेकोमा तत्कालका लागि आपूर्ति गर्दा सम्बन्धित जिल्लाका थोक बिक्रेतालाई जानकारी दिई र आपूर्ति गरिएका उत्पादनलाई आइएनएस छाप अनिवार्य ल

विष्णुप्रसाद पौडेल
महासचिव

जीवनकुमार खड्का
अध्यक्ष



## बिर्तामोड नगरपालिकाको
## अत्यन्त जरुरी सूचना

यस बिर्तामोड नगरपालिकाको सार्वजनिक क्षेत्रमा जथाभावी रुपमा फोहोर फालेको पाइएकाले यो सूचना जारी गरिएको छ। बिर्तामोड नगरपालिकाको फोहोर व्यवस्थापन गर्न जिम्मेवारी पाएको निराकार सरसफाई प्रा.लि.को फोहोर मैला ढुवानी गर्ने सवारी साधन आएको बखत उक्त ढुवानी गर्ने सवारी साधनमा फोहोर राख्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौं।

अब पनि यसैगरी जथाभावी रुपमा फोहोर मैला फालेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरासमेत जानकारी गराउँदछौं।

बिर्तामोड नगरपालिका
नगरपालिकाको कार्यालय, झापा
कोशी प्रदेश, नेपाल



## विद्यार्थी भर्ना अभियानमा सवैले योगदान गरौं

- विद्यालयले आ-आफ्नो सेवा क्षेत्रभित्रका अभिभावकलाई टेलिफोन, इन्टरनेट, रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जालबाट सूचना प्रवाह गर्ने,
- अभिभावकविहीन बालबालिकाको अध्ययनमा सहयोग गर्ने व्यक्ति तथा संस्थाको पहिचान र उचित सम्मान गर्ने,
- सामुदायिक सिकाइकेन्द्रहरुले विद्यालयबाहिर रहेका बालबालिकाको लगत संकलन गर्ने,
- सार्वजनिक जीवनका व्यक्तिहरुले विद्यालय उमेर समूहका सीमान्तकृत समूहका, अपाङ्गता भएका वालवालिकाका लागि विद्यालय भर्नाको पहल गर्ने,
- स्थानीय तहले भर्ना अभियानको नेतृत्व गर्ने ।
- सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता ।

नेपाल सरकार
विज्ञापन बोर्ड


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# शिक्षक आन्दोलन संकटमा

विगत २६ दिनदेखि निरन्तर शिक्षकहरू शान्तिपूर्ण आन्दोलनमा छन्। लामो समयसम्म चलेकाले शिक्षक आन्दोलनले देशविदेशमा चर्चा पायो। विभिन्न देशका शिक्षकहरूबाट आन्दोलनमा ऐक्यबद्धता प्रकट भएका छन्। देशभित्रका पेसागत संगठनहरूले साथ दिए। विभिन्न राजनीतिक दलका नेताहरू आन्दोलनस्थलमै पुगे। सरकारमाथि दबाब पर्‍यो। संसद्को बर्खे अधिवेशन पनि शिक्षा ऐनकै लागि भनेर केही दिनअगाडि सारिएको सरकारी दाबी छ। विधेयकमाथि संसद्को शिक्षा स्वास्थ्य तथा सञ्चार प्रविधि समितिमा छलफल जारी छ। यसैबीचमा माग सम्बोधनका लागि गृहकार्य गर्दागर्दै शिक्षामन्त्री विद्या भट्टराईले राजीनामा दिइन्। शिक्षामन्त्रीका रूपमा रघुजी पन्त आए। पन्तले मन्त्रालय सम्हालेपछि केही आशावादी रहेका शिक्षकहरूसँग शुक्रबार सरकारले वार्ता गर्न खोजेको थियो। तर शिक्षकहरू मन्त्रीले बिनातयारी वार्तामा बोलाएको भनेर शिक्षा मन्त्रालयबाट बाहिरिए।

शिक्षक आन्दोलनका कारण एसईईको उत्तरपुस्तिका परीक्षण हुन सकेको छैन। नयाँ शैक्षिक सत्रका लागि भर्ना अभियान ठप्प भएको छ। कतिपय अभिभावक निजीतर्फ आकर्षित भएका छन्। उनीहरूका सन्तानले निजी स्कुलमा पढ्न थालिसकेका छन्। सरकारी वेतन खाने शिक्षकहरू भने आन्दोलनमा छन्। विद्यालय खुल्ने टुंगो छैन। यसै त सरकारी शिक्षक र विद्यालयमाथि राम्रो परिणाम ल्याउन नसकेको आरोप लाग्ने गरेको छ। अब अहिलेको आन्दोलनपछि कति आलोचना सहनुपर्ने भन्ने प्रश्न उठ्न थालेको छ।

कक्षा १२ का लागि निर्धारित परीक्षा मिति सारिएको छ। वैशाख ११ गतेदेखि हुने पूर्वनिर्धारित परीक्षा तालिका २१ गतेबाट हुने भनिएको छ। परीक्षा दिन तयारीमा रहेका साढ पाँच लाख किशोरकिशोरीहरू मर्कामा परेका छन्। १२ कक्षा सकेर देशविदेशका विभिन्न कलेजमा पढ्न जान चाहने उनीहरूको योजना शिक्षक आन्दोलनकै कारण प्रभावित हुने भएको छ।

सर्वोच्च अदालतले शिक्षकका जायज र संविधानसम्मत माग तत्काल सम्बोधन गर्ने गरी निर्णय गर्न र आन्दोलनरत शिक्षकलाई तीन दिनभित्र विद्यालय फर्किएर पठनपाठन सञ्चालन गर्न बिहीबार सरकारका नाममा अन्तरिम आदेश दिएको थियो। तीन दिन बितिसक्दा पनि आन्दोलन टुंगोमा पुग्ने कुनै संकेत देखिएको छैन। प्रधानमन्त्री केपी ओली शिक्षकको मागप्रति अनुदार बनेका छन्। शिक्षकहरूले सडक छाडेका छैनन्। उनले विगतमा पनि शिक्षकका माग र मुद्दाबारे विवादास्पद अभिव्यक्ति दिँदै आएका हुन्। शिक्षक आन्दोलनलाई प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले बल दिइरहेका छन्। उनले पटकपटक सार्वजनिक कार्यक्रममार्फत माग पूरा नभएसम्म आन्दोलन नरोक्न भनिरहेका छन्। सत्ताको प्रमुख घटक नेपाली कांग्रेसले भने शिक्षक आन्दोलनबारे कुनै आधिकारिक धारणा सार्वजनिक गरेको छैन। अब आन्दोलन के हुन्छ भनेर विभिन्न अड्कल गर्न थालिएको छ ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# राजनीतिमा इमानदारीको खडेरी



• गणेश अम्गाई

लोकतन्त्र, शाब्दिक अर्थमा 'जनताको शासन' हो । यो एक यस्तो शासन प्रणाली हो, जहाँ देशका नागरिकले आफ्नो सार्वभौम अधिकार प्रयोग गरी आफ्ना प्रतिनिधिलाई स्वतन्त्र र निष्पक्ष निर्वाचनको माध्यमबाट चयन गर्छन् । यी चुनिएका प्रतिनिधिले नै देशको शासन व्यवस्था सञ्चालन गर्ने, नीति निर्माण गर्ने र कानुन बनाउने महत्वपूर्ण जिम्मेवारी बहन गर्छन् । लोकतन्त्रमा जनताको अभिमत, उनीहरूको विचार र नैसर्गिक अधिकारलाई सर्वोच्च स्थान दिइन्छ । यस प्रणालीमा सबै नागरिक कानुनको दृष्टिमा समान हुन्छन् । उनीहरूले विचार तथा अभिव्यक्ति स्वतन्त्रता जस्ता आधारभूत अधिकार निर्बाध रूपमा उपभोग गर्न पाउँछन् ।

नेपालमा लोकतन्त्रको स्थापना कुनै सहज प्रक्रिया थिएन । यसका लागि नेपाली जनताले लामो र कठिन सङ्घर्ष गर्नु पर्‍यो । २००७ सालको क्रान्तिले १०४ वर्षसम्म चलेको निरङ्कुश राणा शासन अन्त्य गर्दै नेपालमा प्रजातन्त्रको बिजारोपण गर्‍यो । त्यसपछि २०४६ सालमा भएको जनआन्दोलनले निर्दलीय पञ्चायती व्यवस्थालाई उखेलेर बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना गर्‍यो । सबैभन्दा महत्वपूर्ण, २०६३ सालको जनआन्दोलनले सदियौँदेखिको राजतन्त्र समाप्त गरी नेपाललाई धर्म निरपेक्ष र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रूपमा स्थापित गर्‍यो । यी हरेक सङ्घर्षमा हजारौँ नेपाली नागरिकले आफ्नो अमूल्य जीवन र उज्ज्वल भविष्यलाई दाउमा लगाए । उनीहरूकै त्याग, तपस्या र बलिदानको परिणामस्वरूप आज हामी लोकतान्त्रिक व्यवस्थामा सहभागी हुन पाएका छौँ ।

आज प्रश्न उठ्छ, किन ती अनगन्ती बलिदान र अथक सङ्घर्षको फलस्वरूप प्राप्त भएको लोकतन्त्रप्रति जनतामा यति धेरै निराशा किन छाएको छ ? पहिलो र प्रमुख कारण हो राजनीतिक अस्थिरता । लोकतन्त्र स्थापना भएदेखि नै नेपालले बारम्बार सरकार परिवर्तन भए । कुनै पनि सरकारले आफ्नो पूर्ण कार्यकाल काम गर्न पाएका छैनन् । राजनीतिक दलहरूबिच सहकार्य र सहमतिको अभावले नीति निर्माण र कार्यान्वयनमा गम्भीर असर पारेको छ । अस्थिर सरकारका कारण दीर्घकालीन विकास योजना बन्न सकेका छैनन् । बनेका योजना पनि प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेका छैनन् ।

दोस्रो, भ्रष्टाचार नेपालको लोकतन्त्रको सबैभन्दा ठुलो चुनौती बनेको छ । सार्वजनिक निकायमा व्यापक रूपमा फैलिएको भ्रष्टाचारले सरकार र राजनीतिक नेतृत्वप्रतिको जनविश्वासलाई गहिरो चोट पुर्‍याएको छ । सानादेखि ठुला आयोजनासम्म भ्रष्टाचारका घटना सार्वजनिक भइरहँदा नागरिकले महसुस गरेका छन् कि लोकतन्त्रले उनीहरूको जीवनमा कुनै सकारात्मक परिवर्तन ल्याउन सकेको छैन, बरु सीमित व्यक्तिको स्वार्थपूर्ति गर्ने माध्यम बनेको छ ।

तेस्रो, कानुनको शासनमा देखिएको कमजोरीले पनि जनतामा निराशा बढाएको छ । पहुँचवाला र शक्तिमा रहेका व्यक्तिले कानुन उल्लङ्घन गर्दा पनि उन्मुक्ति पाइरहेको देखिन्छ । यसले कानुनको दृष्टिमा सबै नागरिक समान छन् भन्ने लोकतान्त्रिक मान्यतामाथि प्रश्नचिह्न खडा गरेको छ । जब नागरिकले न्याय महसुस गर्न सक्दैनन्, तब उनीहरूको लोकतान्त्रिक प्रणालीप्रतिको आस्था कमजोर हुन्छ ।

चौथो, निर्वाचित प्रतिनिधिले चुनाव जितेपछि जनताको आवाज र मुद्दालाई बेवास्ता गर्ने प्रवृत्ति पनि निराशाको कारण बनेको छ । चुनावअघि गरिएका वाचा र प्रतिबद्धता बिस्तारै धमिलिँदै जान्छन् र नागरिकहरूले आफूलाई ठगिएको महसुस गर्छन् । जनता र नेताबिचको यो बढ्दो दूरीले लोकतन्त्रलाई केवल औपचारिकतामा सीमित गरेको छ ।

पाँचौँ, अपेक्षित विकास र समृद्धि हासिल हुन नसक्दा विशेष गरी युवामा निराशा छाएको छ । रोजगारीका अवसरको अभाव र आर्थिक सम्भावना कमजोर हुँदा लाखौँ युवा विदेश पलायन हुन बाध्य छन् । आफ्नो देशमा भविष्य नदेखेपछि उनीहरूमा लोकतान्त्रिक व्यवस्थाप्रति वितृष्णा पैदा हुनु स्वाभाविक हो ।

छैटौँ, राजनीतिक दलहरूमा देखिएको विभाजन र स्वार्थकेन्द्रित राजनीतिले राष्ट्रिय हितलाई ओझेलमा पारेको छ । दलहरू वैचारिक बहस र राष्ट्रिय मुद्दामा सहमति जुटाउनुको सट्टा सत्ता र व्यक्तिगत लाभका लागि सङ्घर्ष गरिरहेका देखिन्छन् । यसले नागरिकमा राजनीतिक नेतृत्वप्रति गहिरो अविश्वास सिर्जना गरेको छ ।

जब नागरिकको आशा अधुरो रहन्छ, तब निराशाले जन्म लिन्छ । निरन्तरको निराशाले वितृष्णाको रूप लिन्छ । आज धेरै नेपाली यो सोच्न थालेका छन् कि यो लोकतान्त्रिक व्यवस्था साँच्चै उनीहरूका लागि होइन । यो सोच लोकतन्त्रको भविष्यकै लागि सुखद छैन ।

असल लोकतन्त्रका केही आधारभूत विशेषता हुन्छन्, जसलाई आत्मसात् गरेर मात्र कुनै पनि देशले लोकतान्त्रिक शासन प्रणालीको वास्तविक लाभ प्राप्त गर्न सक्छ । ती विशेषता हुन् :

१. कानुनको शासन : कानुन सबैभन्दा माथि हुनु पर्छ र सबै नागरिक कानुनको दायरामा समान हुनु पर्छ ।

२. मौलिक अधिकारको संरक्षण : नागरिकका आधारभूत अधिकारहरू (भाषण, अभिव्यक्ति, भेला हुने, सङ्गठन खोल्ने आदि) को संविधानद्वारा प्रत्याभूति र संरक्षण हुनु पर्छ ।

३. निष्पक्ष र नियमित चुनाव : आवधिक रूपमा स्वतन्त्र र निष्पक्ष निर्वाचन हुनु पर्छ, जसले नागरिकलाई आफ्नो प्रतिनिधि छान्ने अवसर प्रदान गर्छ ।

४. उत्तरदायित्व र जवाफदेहिता : सरकार र सार्वजनिक निकाय आफ्ना कामकारबाहीका लागि जनताप्रति उत्तरदायी र जवाफदेही हुनु पर्छ ।

५. पारदर्शिता : सरकारी कामकाज र निर्णय प्रक्रिया पारदर्शी हुनु पर्छ, ताकि नागरिकले सूचनामा पहुँच पाउन सकून् ।

६. नागरिक सहभागिता : नीति निर्माण र शासन प्रक्रियामा नागरिकको सक्रिय सहभागिता हुनु पर्छ ।

७. बहुदलीय प्रणाली : विभिन्न राजनीतिक विचारधारा बोकेका दलहरूलाई प्रतिस्पर्धा गर्ने र शासनमा सहभागी हुने अवसर मिल्नु पर्छ ।

८. संघीयताको प्रभावकारी कार्यान्वयन : देश संघीय संरचनामा छ भने, संघ, प्रदेश र स्थानीय तहबिच अधिकार र जिम्मेवारीको स्पष्ट बाँडफाँट र प्रभावकारी कार्यान्वयन हुनु पर्छ ।

नेपालमा लोकतन्त्रलाई सुदृढ र जनमुखी बनाउनका लागि धेरै सुधार गर्न आवश्यक छ । यहाँ केही सुझाव प्रस्तुत गरिएका छन् :

पहिलो, भ्रष्टाचार नियन्त्रणलाई सरकारको प्रमुख प्राथमिकता बनाउनु पर्छ । यसका लागि कडा कानुन बनाइनु पर्छ र त्यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनु पर्छ । भ्रष्टाचारमा संलग्न जो कोहीलाई पनि कानुनको दायरामा ल्याई कठोर कारबाही गरिनु पर्छ ।

दोस्रो, कानुनको शासनलाई बलियो बनाउनु पर्छ । न्यायपालिकालाई स्वतन्त्र र सक्षम बनाउनु पर्छ र सबै नागरिकलाई कानुनको समान संरक्षणको प्रत्याभूति गरिनु पर्छ ।

तेस्रो, राजनीतिक स्थायित्व कायम गर्न राजनीतिक दलहरूबिच सहकार्य र सहमतिको संस्कृति विकास गर्नु पर्छ । राष्ट्रिय मुद्दामा दलहरूले साझा धारणा बनाउनु पर्छ । सरकारलाई पूर्ण कार्यकाल काम गर्ने वातावरण बनाउनु पर्छ ।

चौथो, नीति निर्माण प्रक्रियामा नागरिकको सहभागिता बढाउनु पर्छ । नागरिक समाज, बुद्धिजीवी र आमजनताका सुझावलाई महत्व दिनु पर्छ । स्थानीय तहमा नागरिक सुनुवाइ र सार्वजनिक भेलालाई नियमित गर्नु पर्छ ।

पाँचौँ, आर्थिक विकास र रोजगारी सिर्जनालाई प्राथमिकता दिनु पर्छ । गरिबी न्यूनीकरण र सबै नागरिकका लागि समान अवसर सुनिश्चित गर्नु पर्छ । स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्न लगानीमैत्री वातावरण बनाउनु पर्छ ।

छैटौँ, शिक्षा र जनचेतना अभिवृद्धिमा जोड दिनु पर्छ । लोकतन्त्रको महत्व, नागरिक अधिकार र कर्तव्यबारे जनचेतना फैलाउनु पर्छ । विद्यालय र विश्वविद्यालयका पाठ्यक्रममा लोकतान्त्रिक मूल्यमान्यतालाई समावेश गर्नु पर्छ ।

सातौँ, सरकारी निकायमा पारदर्शिता र सूचनाको हकलाई सुनिश्चित गर्नु पर्छ । सबै निकायले आफ्ना कामकारबाही सार्वजनिक गर्नु पर्छ । नागरिकलाई सूचना प्राप्त गर्ने सहज व्यवस्था मिलाउनु पर्छ । आठौँ, सङ्घीयताको प्रभावकारी कार्यान्वयनमा ध्यान दिनु पर्छ । स्थानीय तहलाई थप अधिकार र स्रोतसाधन सम्पन्न बनाउनु पर्छ ताकि उनीहरूले जनताको आवश्यकता अनुसार विकास योजना कार्यान्वयन गर्न सकून् ।

लोकतन्त्र कुनै सजिलो र एकै पटकमा प्राप्त हुने गन्तव्य होइन; यसलाई निरन्तरको प्रयास, धैर्य, प्रतिबद्धता र सबै नागरिकको सक्रिय सहभागिता चाहिन्छ । आज केही निराशा र गुनासा पक्कै छन्, तर हामी सबै राजनीतिक दल, नागरिक समाज र आमजनता- मिलेर इमानदारीपूर्वक र जिम्मेवारीपूर्वक काम गर्छौँ भने निश्चय नै नेपालमा एक बलियो, समावेशी र जनमुखी लोकतन्त्र कायम गर्न सकिन्छ ।

# आर्थिक विकासमा पर्यटन



• डा. बिपी बडाल

बर्खे अधिवेशन सुरु भएको छ । लोकतान्त्रिक मुलुकमा सबैको अधिकार सुनिश्चित हुनु पर्छ । लोकतन्त्रमा कसैले आन्दोलन गर्नु पर्दैन । सबैको जायज माग पूरा हुनु पर्छ । लोकतन्त्र भनेको विधिको साशन हो । देशको बजेट बनाउनु पर्ने समयमा साथै नयाँ विद्यार्थी भर्ना गर्ने समयमा नेपालमा आन्दोलन भइरहेका छन् । शिक्षक, चिकित्सक, राजनीतिक दल, भातृ सङ्गठन सबै सडकमा छन् । देश विधिले चल्नु पर्छ । प्रधानमन्त्री नेपाली जनताको हो । सरकार जनताको हो । जनताले सरकारलाई आफ्नो सरकार मान्नु पर्छ भने सरकारले पनि तेरो-मेरो नभनी निष्पक्ष भएर जनताको काम गर्नु पर्छ । देशमा नै रोजगारी सिर्जना गर्नु पर्छ । सबैको जायज माग पूरा हुनु पर्छ-कसैले आन्दोलन गर्नु पर्दैन । आगामी नीति तथा कार्यक्रम (बजेट) मा कृषि तथा उद्योगमा सुशासन र पर्यटनको समायोजन हुनु पर्छ, यहीँबाट नेपालीको समृद्धिको यात्रा सुरु हुन्छ ।

**कोरियन ग्रामीण विकासको दृष्टान्त**

सन् १९५०-५३ सम्म कोरियामा भिषण युद्ध थियो । त्यसैसाल वर्षाले ठुलो बाढी आयो । गरिब कोरियालीलाई ठुलो आर्थिक सङ्कट थियो भने देश पनि विभाजन भएको थियो । सङ्क्रमणकालीन अवस्था थियो । त्यतिबेला नेपालले समेत कोरियालाई खाद्यान्न सहयोग गरेको थियो । त्यतिबेला कोरिया तथा नेपालको जिडिपीप्रति व्यक्ति आय लगभग ५० डलर थियो । दुवै देशको आर्थिक अवस्था उस्तै थियो । राष्ट्रपति पार्क चुंग-हि (१९६१-१९७९) ले सैनिक बलबाट सत्ता ग्रहण गरे । देशलाई औद्योगिक विकासको मार्गमा अगाडि बढाए । उद्योगले विकासको बाटो समाते पनि गाउँमा धेरै दुःख थियो । सन् १९७१ मा उनले पुन चुनाव जिते नयाँ संविधान लागु गरे । राष्ट्रपतिलाई विशेष अधिकार दिएर उनी झनै शक्तिशाली भए ।

यसैबेला भावुक हुँदै आफ्नो राष्ट्रिय भाषणमा उनले भने, "हामी कोरियालीले धेरै दुःख पायौँ अब यो गरिबी हटाउनु छ । सुखको नयाँ बिहानी ल्याउनु छ । हाम्रो देशको भविष्य गाउँमा छ । गाउँको विकास अनिवार्य छ । राष्ट्रलाई समृद्ध बनाउन हामीले कडा परिश्रम र परिष्कृत श्रमको अभ्यास गर्नु छ । कसरी गाउँका सबैको आयस्तरमा सुधार ल्याउन सकिन्छ ? सबैले कार्यक्रम ल्याउनु होस् । सबैले रोजगारीको सिर्जना गर्नुहोस् । तपाईंको योजनामा सरकारले केही सहयोग गरिदिने छ ।" यही ग्रामीण स्वावलम्बन कार्यक्रमलाई साउमेल उन्दुङ्ग भनिन्छ । यो एक भाषण मात्रै हो । विकासको दृष्टिकोण हो ।

सोही अनुसार सबै जनताले कृषि र उद्योगको विकासको योजना ल्याए । राम्रा योजनालाई सरकारले सहयोग गर्‍यो । भौतिक पूर्वाधारमा लगानी गर्‍यो । सबै किसानका समस्या समाधान भए । आज प्रतिव्यक्ति आय नेपालको १,३७८ अमेरिकी डलर छ भने कोरियाको ३७,६७२ अमेरिकी डलर रहेको छ । कोरियाले यसरी प्रगति गर्दा हामीले किन गर्न सकेनौँ ? नजिकैका चीन, भारत, भुटान श्रीलङ्काले उदाहरणीय रूपले आर्थिक विकास गर्दा हामी किन पछि पर्‍यौँ ?

**नेपाल सरकारका प्रयास**

सन् १९५० देखि कै कुरा गर्दा लगभग सबै सरकारले नेपालको कृषिलाई प्राथमिकतामा राखेर विकासका लागि खर्बौं लगानी गरे । योजनाबद्ध विकास १९५६ बाट सुरु भएपछि पनि कृषिलाई नै अर्थतन्त्रको मेरुदण्ड मानेर अगाडि बढेको हो । आजसम्म पनि कृषकको जीवनस्तर सबैभन्दा कमजोर छ । सरकारको पहिलो प्राथमिकतामा कृषि परे पनि कृषकको जीवनस्तर किन माथि उठेन ?

यस्तै सरकारी स्तरबाट धेरै उद्योग सञ्चालनमा थिए । निजीकरण पछि सबै बन्द भइसकेका छन् । केही व्यावसायिक घरानाले सञ्चालन गरेका भन्दा अन्यले बिरलै रूपमा उद्योग सञ्चालन गर्न सकेका छन् । आयात-निर्यातको विषय भिन्दै भयो । किन नेपालमा औद्योगिक क्रान्ति हुन सकेन ? किन नेपालमा वारेन बफेट, एलन मस्क जस्ता उद्यमीको जन्म हुन सकेन ? किन नेपाली उद्योगले बजार पाउन सकेन ?

नेपाल सरकारले विभिन्न देशको सहयोगमा भौतिक पूर्वाधारमा व्यापक लगानी गरेको छ । सडक, पुल, बाँध, लगभग सबै जिल्लामा पुगेका छन् । स्तरीय हुन सकेका छैनन् । राजनीतिक दलका नेता, सरकारी कर्मचारी र ठेकदारबिच हुने लेनदेन कमिसनका कारण समयमा कुनै पनि आयोजना समयमा सम्पन्न हुँदैनन् । कुनै ठाउँमा सडक गतिलो छैन । नचाहिने ठाउँमा एयरपोर्ट बन्छन् । करोडौँ भ्रष्टाचार हुने गरेको छ । काठमाडौँ-मुग्लिन, मुग्लिन-पोखरा, बुटवल-नारायणघाट, सिन्धुली-काठमाडौँ, पाँचखाल-काठमाडौँ कुनै पनि सडक गतिला छैनन् । नेपाल सरकारका असल प्रयास पनि बालुवामा पानी खन्याए झैँ भएका छन् । किन ?

**विकास हुन नसक्नुका प्रमुख कारण**

१. हामी नेपाली जनता नै गतिला छैनौँ । नेताले देश बनाइदिन्छ भन्ने आशामा बाँचेका छौँ । कर्मबिनाको आशाको प्रतिफल निराशा नै हो । सित्तैमा पाएसम्म अलकत्रा पनि मटितेलमा मिसाएर पिउने, गरिबी प्रदर्शन गरेर माग्ने हाम्रो प्रवृत्ति नै हो । जनताले नै भ्रष्ट आचरण छोड्नु पर्छ । भ्रष्ट आचरण गर्ने जनतालाई मृत्युदण्ड दिने कानुन ल्याउन संविधान संशोधन गर्नु पर्छ । हरेक व्यक्तिले अनिवार्य आठ घण्टा उद्योग (कर्म) गर्नै पर्छ । कोही पनि भ्रष्टाचार गरेर, चोरेर वा मागेर करोडपति भएको छैन । नेताले होइन जनताले देश निर्माण गर्ने हो । यो जनचेतना शिक्षामा देखिनु पर्छ ।

२. जनताको विकास जनताले नै गर्नु पर्छ । सही इमानदार र नैतिकवान् जनप्रतिनिधिलाई भोट हाल्नु पर्छ । जन-प्रतिनिधिले चुनावको टिकट किन्न र मासुभात खुवाउन लगानी गरेको पैसा उठाउन विकास निर्माणको कमिसन खाने पद्धति तुरुन्तै रोकिनु पर्छ । कानुन बनाएरै भ्रष्टाचारीलाई मृत्युदण्ड दिनु पर्छ । जनता सुसूचित र नैतिकवान हुनु पर्छ ।

३. मन्दिर-आश्रमका जोगीदेखि प्रधानमन्त्रि-पूर्वप्रधानमन्त्रीसम्म भ्रष्टाचारमा मुछिएका छन् । ८० प्रतिशत जिम्मेवार जनता नै भ्रष्टाचारमा संलग्न छन् । अनि कसरी हुन्छ विकास ? विधिको साशन बिना विकास सम्भव छैन । सुशासन, जवाफदेहिता, जिम्मेवारी तथा पारदर्शिता सुनिश्चित हुनु पर्छ, अनि मात्र विकासले समृद्धिको मार्ग पहिल्याउँछ । भ्रष्टाचार शून्य आदर्शवान जनता हुनु पर्छ । भ्रष्ट नेतालाई ठाउँको ठाउँ ठिक पार्न सक्ने सशक्त जनता हुनु पर्छ ।

४. आर्थिक विकासको मेरुदण्ड भनेर कृषि र उद्योगलाई प्राथमिकता दिनु अर्को हाम्रो महामूर्खता हो । यो साढे सात दशक १९५० देखि २०२५ सम्म हामीले कृषि र उद्योगमा खर्बौं लगानी गर्‍यौँ तर प्रतिफल खोइ ? के हामी भारत र चीनका कृषि तथा औद्योगिक उत्पादनसँग प्रतिस्पर्धा गर्न सक्छौँ ? सक्दैनौँ उनीहरूले आफ्नो सजिलो बजार गुमाउन दिने छैनन् । हामीले आजसम्म पनि आयातित विषादीयुक्त फलफूल तथा तरकारी रोक्न सकेका छैनौँ । एउटा मल कारखाना खोल्न पनि सकेका छैनौँ । प्रतिफल नै नआउने ठाउँमा हामीले किन लगानी गर्‍यौँ ? यसको जवाफ कसले दिने ? बजारै नभएको वस्तु उत्पादनमा किन खर्बौ बजेट सक्यौँ ?

**अबको बाटो**

हाम्रो अल्छीपना, नेताप्रतिको आशा, भ्रष्टाचार र आर्थिक विकासको गलत मेरुदण्ड समातेर बसेकाले देश अप्ठ्यारो अवस्थामा छ । जनता सरकारको सेवा प्रवाह प्रति खुसी छैनन् । व्यवस्था नै परिवर्तन गर्ने खालका अभिव्यक्ति पनि आउन थालेका छन् । त्यसैले राजनीतिक कार्यकर्ता, नेता, कर्मचारी, प्रहरी, सेना, शिक्षक, प्राध्यापक, व्यापारी, उद्योगपति, चालक, सहचालक, कृषक, लेखक पत्रकार, डाक्टर आदि सबैले भ्रष्टाचार गर्नु आमाको रगत खानुसरह हो भनेर कसम खाउँ ।

खुलाबजार अर्थनीति तथा विश्वव्यापार सङ्घको सदस्य भएको नाताले चीन तथा भारतका उत्पादनसँग नेपाली उत्पादनले प्रतिस्पर्धा गर्नै सक्दैन । नेपाली कृषकले भारतीय कृषकसँग प्रतिस्पर्धा गर्नै सक्दैन । नेपाली उद्योगले चिनियाँ तथा भारतीय उद्योगसँग प्रतिस्पर्धा गर्नै सक्दैन । त्यसैले कहिले पनि नेपाली उत्पादनले बजार भेट्नै सक्दैन । यो मार्ग परिवर्तन गर्नु पर्छ । यसरी त नेपाली उत्पादनको लागत पनि उठ्न सक्दैन । अबको नेपालको अर्थतन्त्रको मेरुदण्ड पर्यटन हुनु पर्छ । चिनियाँ तथा भारतीयको प्रमुख पर्यटकीय गन्तव्य नेपाललाई बनाउनु पर्छ । माल्दिभ्स, श्रीलङ्का, सिङ्गापुरले आफ्नो जनसङ्ख्या भन्दा पाँच गुणा बढी पर्यटक भित्र्याउँछन् । तीन करोड नेपालीले १५ करोडसम्म पर्यटक सजिलै व्यवस्थापन गर्न सक्छन् । नेपालमा हरेक घरमा एउटा पाहुना कोठा थपेर 'होम स्टे' बनाउन सकिन्छ ।

❖ बाँकी अन्तिम पृष्ठमा

# भ्यागुता, औषधि विज्ञान र पर्यावरण



• तुलसीराम खरेल

साना केटाकेटीमा माछो ! माछो ! भ्यागुत्तो!! भन्ने खेल खेलेको अहिले जस्तो लाग्छ। त्यो खेल कसले र किन सुरु गरे खोजेकै विषय होला तर त्यसले दिने सन्देश माछो, भ्यागुतो र मानिस बीचको अन्तर सम्बन्धको कुरो रहेछ भन्ने बुझ्दा अचम्म लाग्छ। यो पृथ्वीमा मानिस मात्र होइन सबै प्राणीहरूले बाँच्न पाउने नैसर्गिक अधिकार हो। किनभने पृथ्वी सबैको साझा घर हो। अहिले विभिन्न कारणले संसारमा भ्यागुत्ता प्रजातिका जीवहरूको संख्या दिन प्रतिदिन घटिरहेको छ। यिनीहरू पनि बिस्तारै हराउने क्रममा पुगिरहेका छन् । यसैलाई मध्यनजर गरी "सेभ द फ्रग डे" अर्थात् भ्यागुता बचाउ दिवस मनाउन थालिएको १६ वर्ष बितिसकेको छ। सन् २००९ सालको अप्रिल २८ मा पहिलोपटक यो दिवस मनाइएको थियो।

**भ्यागुत्ता बचाउ दिवस के हो ?**

भ्यागुता ढाड भएका जनावरहरूको उभयचर वर्गमा पर्दछ। जीव वैज्ञानिकहरूको पछिल्लो शोध कार्यहरूबाट विश्वमा उभयचर वर्गका ६४६८ प्रजातिहरू रहेका र तीमध्ये करिब एक तिहाई सन् २००८ सम्ममा लोप भइसकेका छन्। सन् १९८९ यता मात्र १५० प्रजातिको अस्तित्व समाप्त भइसकेको छ। यहाँ प्रजाति भन्नाले सफल प्रजनन गर्न सक्ने जीवहरूको एउटा समूह भनेर बुझ्नुपर्ने हुन्छ। मानव जीवनको निमित्त महत्वपूर्ण भ्यागुता लोप हुँदै गएको देखेर जीवशास्त्री डाक्टर केरी क्रिगर बाट प्रभावित भई यो दिवस मान्न थालिएको हो। सबैभन्दा पहिलोचोटि सन् २००९ मा विश्वका विभिन्न १६ वटा मुलुकहरूले यो दिवस मनाउन सुरु गरेका थिए। संयुक्त राज्य अमेरिका, अस्ट्रेलिया, कोलम्बिया, क्यानडा, इटली, दक्षिण अफ्रिका, कोरिया, भारत, बङ्गलादेश, नेपाल , माडागास्कर, न्युजिल्यान्ड, पपुवा न्युगिनी, पोर्चुगल, ताइवान र स्विजरल्यान्ड पहिलो चोटी यो दिवस मनाएका १६ वटा मुलुकहरु हुन्। प्रत्येक वर्षको अप्रिल महिनाको अन्तिम साताको कुनै एक दिन यो दिवस मनाउने गरिन्छ। सन् २०२५ को सेभ द फ्रग डे अप्रिल २८ मा मनाइने तय गरिएको छ। भर्जिनियाको कमन वेल्थमा रहेको इभी क्रिक नेचुरल एरिया एजुकेसन बिल्डिङमा जीव वैज्ञानिक र भ्यागुत्ताप्रेमीहरु जम्मा भएर मनाउन थालिएको उक्त कार्यक्रम नेचर कन्जरभेन्सी एन्ड इभि क्रिक फाउन्डेसनद्वारा सञ्चालन गरिएको थियो। नेपालमा सोही दिन जीव विज्ञान विषयका प्राध्यापक, शिक्षक, विद्यार्थी एवं अनुसन्धानकर्ताहरू जम्मा भएर काठमाडौँमा मनाइएको थियो।

**भ्यागुताका विशेषता के के छन् ?**

जीव विकासको क्रममा केही पछि देखापरेका ढाड भएका जीवहरूमध्ये पानी र जमिन दुवै स्थानमा बस्न सक्ने जीवहरुलाई एमफिबिया अर्थात् उभएचर वर्गमा राखिएको छ। भ्यागुत्ता भयचर वर्गको उत्कृष्ट उदाहरण हो। साधारणतया पानीमा र पानी छेउको ओसिलो जमिनमा यिनीहरुलाई भेट्न सकिन्छ। पोखरी ताल या अन्य पानीका स्रोतको छेउमा यिनीहरु बस्नुपर्ने प्रमुख दुईवटा उद्देश्यहरु हुन्छन् । एउटा छालालाई छालाबाट वायुमण्डलमा भएको अक्सिजन शरीरभित्र छिराउने उद्देश्य हो। दोस्रो पोखरी र तालको छेउमा बस्दा शत्रुबाट जोगिन सजिलो पर्छ किनकि सर्प जस्ता जनावरले आक्रमण गरे भने तुरुन्त पानीभित्र पसेर ज्यान जोगाउन सकिन्छ। सामान्यतया भ्यागुत्ता विषरहित खतरामुक्त र शान्त जीव हो। साह्रै राम्ररी उफ्रिन सक्ने क्षमता विकास भएको सानो जीव भ्यागुत्ता प्रकृतिको उत्कृष्ट रचना हो। जमिनमा राम्ररी उफ्रने क्षमता बोकेको भ्यागुत्ता पानीको कुशल पौडीबाज समेत हो। यसको मांसपेशी र अस्थिपञ्जर उक्त प्रयोजनको निमित्त अनुकूल समेत छन्।




भ्यागुत्ता मांसाहारी जीव हो। यसलाई किरा खाने अर्थात् इन्सक्टिभोरस भनिन्छ। यसले अगाडितिर टाँसिएको तर पछिल्लो भाग खुल्ला भएको जिब्रोबाट किराहरू पकड्छ। खानेकुरालाई नचपाइकन कमलो बनाई सिधै निल्न सक्छ। यसले शरीरको तापक्रम बाहिरी वातावरण अनुसार बदल्न सक्छ। साह्रै गर्मी र ज्यादै चिसो मौसममा यो जमिनभित्र बसेर सुरक्षित रहन्छ। यस्तो समय भ्यागुत्ताले केही पनि नखाई निष्क्रिय जीवन बिताउँछ। चिसो समयमा देखाउने यस्तो प्रक्रियालाई विन्टर स्लिप अर्थात् हाइबर्नेसन भनिन्छ। भने गर्मी मौसमको उक्त क्रियाकलाप लाई समर स्लिप या एसटिभेसन भनिन्छ।

प्रकृतिले भ्यागुत्तालाई अर्को चाखलाग्दो गुण पनि प्रदान गरेको छ। त्यो हो शत्रुले यसलाई सजिलै देख्न नसक्नु। यसले वरिपरिको वातावरणसँग मिल्नेगरी आफ्नो छालाको रङ्ग परिवर्तन गर्न सक्दछ। एक प्रकारको 'एमीबइड पिगमेन्ट सेल' को कारण यो सम्भव भएको हो। उक्त प्रकारका कोषहरू छालामा हुन्छन्। प्रकृतिले प्रदान गर्ने यस्तो अद्भूत क्षमतालाई प्रकृति विज्ञानको भाषामा 'कामोफ्लेज मिमिक्राई' भनिन्छ।

भ्यागुत्ताको अर्को महत्वपूर्ण कुरा यसको स्वासप्रश्वास प्रक्रिया हो। भ्यागुता बच्चा अवस्थामा हुँदा गिल्स वा फूलका द्वारा पानीमा घुलेको प्राणवायु अक्सिजन सोसर लिन्छ। बिस्तारै पेपागाडाबाट ठूलो हुँदै जाँदा पुच्छर हराउँछ। भ्यागुताले ओसिलो छालाबाट र फोक्सोबाट श्वासप्रश्वास गर्न सक्दछ। यस्तै विशेषताले यो जीव जमिन र पानी दुवैतिर बस्न सक्दछ। मानिसको मुटुमा चारवटा कोठाहरू भएजस्तै भ्यागुताको चाहिँ तीनवटा मात्र हुन्छ। वर्षायाममा मैथुनिक प्रजनन गर्ने भ्यागुत्ताको गर्भाधान भने बाहिरी हुन्छ। बच्चाको वृद्धि विकास र गर्भाधान पानीमा हुन्छ। वर्षायाममा ठूलो आकारमा नेपालतिर देखापर्ने पहेलो ढाडमा कालो लाइन जस्तो देखिने भ्यागुत्तोलाई बुल फ्रग अर्थात् राना टिग्रिना भनिन्छ। राति किरा खान निस्कने प्रकृतिका यस्तै जीवलाई चाहिँ टोड अर्थात् बुफो भनिन्छ। राना र बुफो प्रजाति बीच धेरै फरक गुणहरू विकास भएका हुन्छन्।

**औषधि विज्ञानमा भ्यागुताको महत्व के छ?**

भ्यागुताको छालाले उत्पादन गर्ने रसमा धेरै प्रकारका पदार्थ या रसायनहरु हुन्छन् जसलाई औषधि विज्ञानमा निकै महत्वपूर्ण रूपमा हेरिन्छ। शरीर विज्ञान र मेडिकल साइन्सका अनुसन्धानहरू, औषधि विज्ञानमा हाल भइरहेको चमत्कारी उपलब्धि भ्यागुत्ताबाट सम्भव भइरहेकोमा उक्त जीव लोप हुँदा मानव स्वास्थ्यको स्थिति के हुने होला? सोचनीय विषय बनेको छ। रसियाका वैज्ञानिकहरूले युरोपको रैथाने खैरो भ्यागुता 'राना टेम्पोरेरिया' बाट ७६ प्रकारका रसायनहरू प्राप्त हुने बताएका छन्। जसलाई खतरनाक ब्याक्टेरियाद्वारा हुने रोगहरूको उपचारमा प्रयोग गरिन्छ। अस्ट्रेलियाको क्विन्सल्यान्डमा पाइने ग्यास्ट्रिक बुडिङ फ्राग ' रियो बेत्राकास भेटेलिनस्' को ग्यास्ट्रिक रसलाई पेप्टिक अल्सर मा प्रयोग गर्न सकिन्छ। उक्त रोगबाट विश्वका लाखौं मानिस प्रभावित भइरहेका छन् औषधि विज्ञानमा अत्याधिक प्रयोग हुने रुख भ्यागुत्ता 'हाइला सिनेरिया' हो। करिब १० प्रतिशत औषधि विज्ञानका नोबेल पुरस्कारहरू यसकै प्रयोगबाट सम्भव भएका हुन्। त्यस्तै रक्तचाप घटाउन 'फायर बिल्ड टोड' को प्रयोग गरिन्छ। 'ह्वाइट ट्री फ्रग्' ले एचआइभी सर्नबाट रोक्न सक्छ भने ' मङकी फ्रग्' बाट मर्फिनभन्दा शक्तिशाली पेनकिलर एपीवाटिडिन बनाइन्छ। मलेरिया, डेङ्गु र केही भाइरसजन्य रोगहरूबाट बचाउने भ्यागुत्ता हाम्रा प्रकृतिका मित्रहरू हुन्। धेरै प्रजातिका भ्यागुत्ताबाट डायबेटिजको औषधि बनाउनसमेत प्रयोग गरिन्छ। पानीमा भएका विषालु रसायनलाई छालाबाट सोसेर पानीलाई यिनीहरूले शुद्ध बनाउँछन्।

अन्त्यमा

यिनीहरू हराउन थाले भने जलीय र स्थलीय पर्यावरणमा असन्तुलन पैदा हुन्छ। मानिसले पनि आफ्ना असल मित्र गुमाउनुपर्ने हुन्छ। औषधि विज्ञानको क्षेत्रमा नराम्रो क्षति पुग्दछ। कृषि क्षेत्रमा हानिकारक कीराहरूको प्रभाव बढ्छ। प्रजननको समयमा बाहिर निस्केका भ्यागुत्तालाई मार्ने, खेदाउने, पानीमा विष हाल्ने, आदि जस्ता क्रियाकलापलाई निरुत्साहित गरौं। बहुउपयोगी भ्यागुतालाई नमारौँ। यिनका बासस्थान सुरक्षित राखौं। कतिपय रैथाने प्रजातिका भ्यागुता अन्य मिचाहा प्रजातिका 'नन नेटिभ' जनावरहरूको कारण हराउँदै गएको समेत देखिएको छ। यिनीहरूलाई जोगाउन सिमसार जोगाउनुपर्छ। सिमसारहरूमा अनावश्यक व्यावसायिक गतिविधिलाई बन्द गर्ने या कम गर्दै लैजाने कुरामा सरकार र समुदाय सजग हुन समेत जरुरी देखिन्छ। आफू बचौँ र पर्यावरण एवं भ्यागुतालाई पनि बचाउँ। सत्रौँ भ्यागुत्ता बचाउ दिवसको शुभकामना।

## सेवा बन्द गरेर चिकित्सकहरू निरन्तर आन्दोलनमा

झापा(प्रस) । आवासीय चिकित्सकलाई सरकारी आठौं तह सोसरह मासिक निर्वाह भत्ता उपलब्ध गराउन माग राख्दै आन्दोलरत चिकित्सकले आइतबार माइतीघरमा धर्ना दिएका छन् ।

काठमाडौं उपत्यकामा वर्षा भए पनि छाता ओढेर उनीहरु धर्नामा सहभागी भएको स्वास्थ्यकर्मीहरुका लागि सुरक्षित कार्यस्थल संर्घष समितिका डा. शेषराज घिमिरेले जनाए । नेपाल चिकित्सक संघको आह्वानमा शुक्रबार देशभरका सरकारी अस्पतालमा चिकित्सकले आकस्मिक बाहेकका सेवा बहिष्कार गरेका थिए ।

नेपाल चिकित्सक संघले सरकारी अस्पताल, स्वास्थ्य विज्ञान प्रतिष्ठान, मेडिकल कलेज, निजी अस्पतालका चिकित्सकलाई धर्ना र प्रर्दशनमा सहभागी हुन अपिल गरेको थियो । काठमाडौं उपत्यकाका चिकित्सकलाई माइतीघर र बाहिरका चिकित्सकलाई सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा धर्ना दिन संघका अध्यक्ष डा. अनिलविक्रम कार्कीले सर्कुलर गरेका थिए । चिकित्सकहरु धर्नामा सहभागी भएपछि अस्पताल आएका बिरामी भने उपचार पाउनबाट वञ्चित भएका छन् ।

आवासीय चिकित्सक निर्वाह भत्ताको माग गर्दै आन्दोलनमा छन् । निजी मेडिकल कलेजहरुले सरकारले तोकेको मासिक साढे ४८ हजार निर्वाह भत्ता उपलब्ध गराउन नसक्ने घोषणा गरेपछि चिकित्सक संघले पनि आवासीय चिकित्सकको आन्दोलनमा समर्थन जनाउँदै सहभागिता जनाएको हो । चिकित्सा शिक्षा आयोगले फागुनदेखि मासिक साढे ४८ हजार निर्वाह भत्ता उपलब्ध गराउनुपर्ने निर्णय गरे पनि निजी मेडिकल कलेजहरुले निर्णय अस्वीकार गर्दै आएका छन् । भत्ता उपलब्ध गराउँदा घाटा हुने निजी मेडिकल एसोसिएसनले जनाएको छ ।

## मलद्वारमा लागूऔषध लुकाएर ल्याउने दुई पक्राउ

झापा(प्रस)। भारतबाट मलद्वारमा लागूऔषध लुकाएर ल्याउने भद्रपुरका दुईजना पक्राउ परेका छन् । आइतवार बिहान १० बजे भद्रपुर नगरपालिका वडा नं.५ स्थित मेची पुलमा प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा भारतबाट नेपालतर्फ आउँदै गरेका पैदलयात्री भद्रपुर नगरपालिका वडा नम्बर १० चन्द्रगढी बजार बस्ने ४३ वर्षीय सन्तोषकुमार काफ्ले र चैतु मन्दिर बस्ने ३६ वर्षीय विजय राजवंशी लागूऔषधसहित पक्राउ परेका हुन् । मलद्वारभित्र प्लाष्टिकले पोका पारी लुकाइ छिपाइ ल्याउँदै गरेको ३ ग्राम ६०० मिलिग्राम ब्राउनसुगरसहित उनीहरुलाई नियन्त्रणमा लिई वडा प्रहरी कार्यालय भद्रपुरमा राखिएको थियो । आवश्यक कार्बाहीको लागि जिल्ला प्रहरी कार्यालयमा पठाएको प्रहरीले जनाएको छ ।



त्यस्तै शनिवार राति बिर्तामोडमा गाँजासहित दुईजना पक्राउ परेका छन् । राति १० बजे बिर्तामोड नगरपालिका वडा न.४ बस्ने ३३ वर्षीय रवि दासको घरमा लागूऔषध गाँजा बिक्रीबितरण भइरहेको भन्ने सूचनाको आधारमा प्रहरी चौकी बिर्ताबजारबाट टोली खटिएको थियो । प्लास्टिकमा पोका पारिएको अबस्थामा ६० ग्राम ८ मिलिग्राम गाँजासहित घरधनी रवि दास र पाँचथर हिलिहाङ गाउँपालिका वडा न.१ घर भई हाल बिर्तामोड नगरपालिका वडा न.३ मा डेरा बस्ने ३४ वर्षीय सन्तोष लिम्बूलाई प्रहरीले पक्राउ गरेको हो । ।

### आर्थिक...

अब नेपाली कृषि - कृषि पर्यटनमा र नेपाली उद्योग व्यवसायलाई पर्यटन उद्योग व्यवसायमा रूपान्तरण गर्नु पर्छ । नेपाल सरकारका सबै योजना परियोजना पर्यटन-मैत्री हुनु पर्छ । कृषि तथा उद्योगको उत्पादनको बजार पर्यटक हुनु पर्छ । जसरी आजकाल पर्यटनको विकासले घान्द्रुकको कृषक आफ्नो उत्पादन बोकेर बजार जानु पर्दैन । पर्यटक नै घान्द्रुक गएर घान्द्रुकको उत्पादन खपत गर्छन् । नेपालका हरेक गाउँलाई घान्द्रुक जस्तै पर्यटकीय गाउँ बनाउन सकिन्छ । केवल सबै तह र तप्काले नेपाललाई 'पर्यटकीय मुलुक' घोषणा गरेर अगाडि बढे पुग्छ ।

**निष्कर्ष**

देशले सही दिशा निर्धारण गर्नु पर्छ । नेपाल भ्रष्टाचारमुक्त पर्यटकीय देश घोषणा गरे पुग्छ । ग्रामीण विकासमा ग्रामीण पर्यटन मिलाउनु पर्छ । नेपाल भनेको अझै पनि गाउँ नै गाउँले भरिएको देश हो । देशको अबको आर्थिक विकासको मेरुदण्ड पर्यटन हो भन्ने तथ्य बुझ्नु पर्छ । देशले आर्थिक विकासको सही मार्ग पहिल्याउन नसक्नु नै अहिले देखिएको समस्याको प्रमुख कारण हो । प्रधानमन्त्रीले आगामी बजेट निर्माणको सन्दर्भमा संसद्मा यति तथ्य विश्लेषण गरेर बोलिदिए पुग्छ । राष्ट्रिय योजना आयोगले पर्यटनको माध्यमबाट नेपालको समृद्धिको मार्ग पहिल्याइदिए पुग्छ । देश निर्माणमा सत्य र सही मार्ग पर्यटन नै हो भन्ने बुझिदिए पुग्छ । हरेक घरका आँगनबाट हिमाल देखाएर पर्यटनको माध्यमबाट प्रसस्त पैसा कमाउन सकिन्छ । खप्तड, रारा, लुम्बिनी, पोखरा, पशुपतिनाथ, जनकपुरधाम, र सगरमाथा नेपालका वरदान हुन् भन्ने तथ्य बुझे पुग्छ । नेपालको आर्थिक विकासको एक मात्र मेरुदण्ड 'पर्यटन' हो । बजेट थप्नु पर्दैन तर सबै मन्त्रालयका सबै योजना पर्यटन-मैत्री हुनु पर्छ भनिदिए पुग्छ । बजेट ठुलो होइन दृष्टिकोण महत्वपूर्ण हुन्छ ।

निदान आयुर्वेदिक मेडिकल
उपचार हुने रोगहरु
पायल्स, फिसर, फिस्टुला, प्रोस्टेट,कब्जियत, ग्याष्ट्रिक, अल्सर, माईग्रेन, पिनास, छालारोग, सुगर, प्रेसर, दम, रुघा, खोकी, ज्वरो, थाईराईड, पत्थरी, युरिक एसिड, छातीको दाग, निमोनिया, नशा चेपिएको, हड्डी खिईएको, एलर्जी/दाद, महिला तथा पुरुष यौन रोग, महिनावारी गडबडी, शिघ्रपतन आदि ।
भद्रपुर–१०, चन्द्रगढी(लेखनाथचोक) , झापा
सम्पर्क : ९८१४९६०७४५
९८६३२७४४५५

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** आज सांस्कृतिक कार्यक्रममा सहभागिता भइनेछ ।

**वृष** नोकरीबाट मानसम्मान मिल्नेछ । वस्त्र लाभ पनि हुनसक्छ ।

**मिथुन** आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ ।

**कर्कट** धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ ।

**सिंह** आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ ।

**कन्या** चोटपटक पनि लाग्न सक्छ । मन कमजोर रहन सक्छ ।

**तुला** आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।

**वृश्चिक** पुँजी बजारमा सफलता मिल्ने छ । आर्थिक क्षेत्र राम्रै होला ।

**धनु** आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कुम्भ** मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मिन** रमणीय र सुखद् यात्राको योग छन् । आत्मबल र हिम्मत पनि बढ्नेछ ।